# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल


**मिति** : २०७६ मङ्सिर २५

# विशेष परिपत्र – ६

अध्यक्ष कमरेड पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा २०७६ मङ्सिर २३ गते सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय सचिवालयको ४६औं बैठकका महत्वपूर्ण निर्णयहरु जानकारी एवं कार्यान्वयनका लागि यो विशेष परिपत्र – ६ जारी गरिएको छ ।

१. बैठकले स्थायी कमिटीको प्रथम बैठकबाट कमरेड रामबहादुर थापाको संयोजकत्वमा गठित कार्यदलको सिफारिस समेतका आधारमा पार्टी विधानमा संशोधन सम्बन्धी प्रस्ताव तयार गरेको छ । उक्त प्रस्ताव स्थायी कमिटीको आगामी बैठकामा प्रस्तुत गरिनेछ ।

२. बैठकले केन्द्रीय संगठन विभागको अधिकार र कर्तव्यसम्बन्धी पार्टी नियमावलीमा उल्लिखित व्यवस्थामा परिमार्जन एवं संशोधन गर्नुपर्ने आवश्यकता महशुस गरेको छ । यस प्रयोजनका लागि प्रस्ताव तयार गर्ने जिम्मेवारी कमरेड वामदेव गौतमलाई दिइएको छ ।

३. सचिवालयको यस बैठकमा भएको छलफल र कमरेडहरुबाट प्राप्त हुने सुझाव समेतका आधारमा केन्द्रीय संगठन विभागबाट ९ भदौं २०७६ मा प्रस्तुत प्रस्तावलाई परिमार्जन गरी आगामी बैठकमा प्रस्तुत गर्ने जिम्मेवारी अध्यक्ष कमरेड पुष्पकमल दाहाल प्रचण्ड र कमरेड वामदेव गौतमलाई प्रदान गरिएको छ ।

४. पार्टी विधानको धारा – २९ को (झ) ले महानगर कमिटीलाई जिल्ला कमिटी सरह र उपमहानगर कमिटीलाई प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी सरहको मर्यादा निर्धारण गरेको छ । पार्टी विधानको यस् व्यवस्था कार्यान्वयनका सन्दर्भमा सम्बन्धित कमिटीहरुबाट विभिन्न प्रकारका समस्या एवं सुझावहरु प्राप्त भइरहेका छन् । विशेष गरी महानगर कमिटी जिल्ला कमिटीको मातहत हुने वा नहुने ? उपमहानगर कमिटी प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको मातहत हुने वा नहुने भन्ने प्रश्न गरिएको छ । बैठकले यस सम्बन्धमा निर्णय गर्नुपूर्व सम्बन्धित कमिटी एवं कमरेडहरुबाट सुझाव प्राप्त गर्ने निर्णय गरेको छ । तसर्थ, पार्टी विधानको उक्त व्यवस्थाको व्याख्या र कार्यान्वयनका सम्बन्धमा पार्टी केन्द्रीय कार्यालयमा एक हप्ता भित्र सुझाव पठाउन सम्बन्धित महानगर, उपमहानगर, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश कमिटी र सम्बद्ध कमरेडहरुलाई निर्देशित गरिएको छ ।


• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९

पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

५. बैठकले पार्टीका केन्द्रीय निकाय (अनुशासन आयोग, लेखा परिक्षण आयोग, निर्वाचन आयोग, सल्लाहकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्च), केन्द्रीय विभाग र उपत्यका विशेष कमिटीलाई पूर्णता प्रदान गर्ने र सम्बन्धित क्षेत्रको कामलाई प्रभावकारी रुपमा अघि बढाउने गर्ने निर्णय गरेको छ । यसका लागि सम्बन्धित निकायका अध्यक्ष र सचिव, विभागका प्रमुख र उपप्रमुख, कमिटीका अध्यक्ष र सचिव कमरेडहरुले एक हप्ता भित्र पार्टी केन्द्रीय कार्यालयमा सिफारिस सहितको नामावली प्रस्तुत गर्नुहुनेछ । यसरी सिफारिस गर्दा यस अघि सम्बन्धित निकाय, विभाग वा कमिटीमा रहेका, सक्षम, क्रियाशील, निष्ठावान र सम्बन्धित बिषयको विज्ञ कमरेडहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

६. बैठकले एकीकरणको सन्दर्भमा केही जिल्लामा देखिएको समस्या समाधान गर्ने जिम्मेवारी केन्द्रीय संगठन विभागलाई प्रदान गरेको छ । केन्द्रीय संगठन विभागलाई आवश्यक पर्ने सूचना एवं जानकारी उपलब्ध गराउन र संगठन विभागको निर्देशनमा समस्या समाधानमा भूमिका निर्वाह गर्न सम्बन्धित कमिटी एवं कमरेडहरुलाई निर्देशित गरिएको छ ।

७. बैठकले यही २०७६ मङ्सिर १४ गते प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका गरी ५२ स्थानमा सम्पन्न उपनिर्वाचनको अनुभव र शिक्षालाई सूत्रबद्ध गर्न र तीनबाट यथोचित शिक्षा ग्रहण गर्न जरुरी ठानेको छ । यही प्रयोजनका लागि बिषय केन्द्रीत भएर समीक्षा प्रतिवेदन पठाउन उप-निर्वाचनसंग सम्बन्धित वडा, गाउँपालिका, उपमहानगरपालिका, प्रदेशसभा, प्रतिनिधिसभा, जिल्ला र प्रदेश कमिटीलाई निर्देशित गरिएको थियो । तर अझै पनि केही ठाउँबाट समिक्षा प्रतिवेदन प्राप्त भएको छैन । प्रतिवेदन पठाउन बाँकी कमिटीहरुलाई पाँचदिन भित्र बैठक सम्पन्न गरी समीक्षा प्रतिवेदन पठाउन निर्देशित गरिएको छ । ती प्रतिवेदनका आधारमा केन्द्रीय सचिवालयले समीक्षा गर्नेछ ।

८. पार्टी स्थायी कमिटीको दोश्रो बैठक यही २०७६ मङ्सिर २९ र ३० गते पार्टी केन्द्रीय कार्यालय, धुम्बाराही, काठमाण्डौमा आयोजना गर्ने निर्णय गरिएको छ ।

उपरोक्त निर्णयहरुको प्रभावकारी कार्यान्वयनको अपेक्षा र हार्दिक क्रान्तिकारी अभिवादन सहित,

**पुष्पकमल दहाल 'प्रचण्ड'**
**अध्यक्ष**

**केपी शर्मा ओली**
**अध्यक्ष**

• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टवक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np